# पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान
# स्कूल अफ नर्सिङ्ग तथा मिडवाईफेरी (ललितपुर नर्सिङ्ग क्याम्पस)
# सानेपा, ललितपुर

## स्नातक तह नर्सिङ्ग (B.Sc. Nursing) अध्ययनका लागि आवेदन सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७६/०४/१७)

नेपालको ग्रामीण भेग र शहरी क्षेत्रमा बसोबास गर्ने जनसमुदाय बीच गुणस्तरीय स्वास्थ्य सेवाको पहुँचमा विद्यमान विभेदपूर्ण स्थितिमा सुधार ल्याउन तथा स्वास्थ्यको क्षेत्रमा मुलुकलाई आत्मनिर्भर बनाउन सहयोग पुऱ्याउने उद्देश्य बोकेको यस पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान व्यवस्थापिका-संसद्बाट वि.सं. २०६४ सालमा छुट्टै ऐनद्वारा स्थापित सार्वजनिक, स्वायत्त एवं गैह्र नाफामुखी विश्वविद्यालयस्तरको प्राज्ञिक संस्था हो । स्वास्थ्य विज्ञान सम्बन्धी शिक्षा, वैज्ञानिक अनुसन्धान तथा गुणस्तरीय स्वास्थ्य सेवाको माध्यमबाट ती उद्देश्य प्राप्त गर्ने लक्ष्य यस प्रतिष्ठानले लिएको छ ।

स्वास्थ्य विज्ञानसंग सम्वन्धित सबै विधा र तहका शैक्षिक कार्यक्रम सञ्चालन गर्न अख्तियार प्राप्त यस प्रतिष्ठानले आफ्नै स्कूल अफ नर्सिङ्ग एण्ड मिडवाइफेरी अन्तर्गत प्रवीणता प्रमाणपत्र तह नर्सिङ्गको पढाई वि.स. २०१६ साल (सन् १९५९) मा स्थापित ललितपुर नर्सिङ्ग क्याम्पसलाई यसै प्रतिष्ठानमा समाहित गरी प्राज्ञिक कार्यक्रम सञ्चालन गरिएको छ । शैक्षिक सत्र २०७६/०७७ अन्तर्गत स्नातक तह नर्सिङ्ग (B.Sc. Nursing) कार्यक्रममा अध्ययन गर्न चाहने विद्यार्थीहरु प्रतिस्पर्धात्मक प्रवेश परीक्षाको माध्यमबाट छनौट गर्नु पर्ने भएकोले तपसिलको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट आवेदन आह्वान गरिएको कुरा आवेदक, तिनका अभिभावक, सरोकारवाला तथा सर्वसाधारणको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

पाटन स्वास्थ्य बिज्ञान प्रतिष्ठान ऐनको भावना एवं मर्म अनुरुप सञ्चालन गरिने यो कार्यक्रमले नर्सिङ्ग शिक्षाका नबिनतम अवधारणा र मान्यतालाई समेट्दै बैज्ञानिक पाठ्यक्रम, उपयुक्त शिक्षण विधि, योग्य र अनुभवी शिक्षक र समर्पित नेतृत्व बीच प्रभावकारी संयोजन गरेर प्राविधिक रुपले सक्षम र सामाजिक उत्तरदायित्व बोधयुक्त नर्सिङ्ग जनशक्ति उत्पादन गरी ती जनशक्तिलाई नेपालको पिछडिएको क्षेत्र, दुर्गम तथा ग्रामीण भेगमा बसोबास गर्ने जनसमुदायको स्वास्थ्य स्थिति सुधार्ने काममा परिचालन गर्ने उद्देश्य राखेको हुँदा सो लक्ष्य प्राप्तिमा योगदान गर्न चाहने आवेदकहरुलाई यस कार्यक्रममा आवेदन गर्न आह्वान गरिन्छ ।

स्नातक तह (B.Sc.) नर्सिङ अन्तरगत चालू शैक्षिक सत्र २०७६/०७७ मा प्रतिष्ठानले जम्मा ४० जना विद्यार्थी भर्ना लिनेछ । कूल भर्ना संख्यामध्ये १५% सीट पुरुष आवेदकका लागि सुरक्षित गरिएको छ । पाटन स्वास्थ्य बिज्ञान प्रतिष्ठान ऐन, २०६४ ले तोके बमोजिम कुल भर्ना संख्याको पन्ध्र प्रतिशत (१५%) सिट सरकारी सामुदायिक विद्यालयमा अध्ययन गरेका विपन्न आवेदकहरुलाई छात्रवृति उपलब्ध गराइनेछ । छात्रवृत्ति अन्तर्गत छुट्टयाईएको कुल संख्याको पैतालिस प्रतिशत (४५%) सिट दलित, आदिवासी/जनजाति, मधेशी तथा पिछडिएको क्षेत्रको लागि सुरक्षित गरिएको छ । यसैगरी कुल भर्ना संख्याको दश प्रतिशत (१०%) सिट सशुल्क आरक्षणका लागि छुट्टयाईएको छ, जुन् ग्रामीण क्षेत्रमा बसोबास गरी सामुदायिक विद्यालयमा अध्ययन गरेका दलित, आदिवासी/जनजाति, मधेशी तथा पिछडिएको क्षेत्रको लागि सुरक्षित गरिएको छ । प्रतिष्ठानमा कार्यरत कर्मचारीका छोरा वा छोरीका लागि १ (एक) स्थान आरक्षित गरिएको छ । बाँकी स्थान सःशुल्क (पूर्ण शुल्क तिर्ने) खुला समूहका लागि छुट्याइएको छ ।

आवेदकहरुलाई प्रवेश परिक्षाको योग्यताक्रम (Merit) को आधारमा छनौट गरिनेछ ।

**१. आवश्यक न्यूनतम योग्यता :**

१.१ आवेदक नेपाली नागरिक हुनु पर्नेछ ।

१.२ आवेदक मान्यता प्राप्त शिक्षण संस्थाबाट १०+२ वा सो सरहको परिक्षामा जीव विज्ञान, रसायन विज्ञान र भौतिक विज्ञान विषयमा सैद्धान्तिक र प्रयोगात्मक परिक्षामा बेग्ला बेग्लै उत्तीर्ण भई अंग्रेजी समेतको योग मिलाई कुल पूर्णाङ्कमा न्यूनतम ५० प्रतिशत अङ्क वा ग्रेडिङ प्रणाली अनुसार न्यूनतम क्यूमुलेटिभ जिपिए २.४ ल्याई उत्तीर्ण गरेको हुनुपर्नेछ ।

माथि उल्लेखित शैक्षिक योग्यता पूरा गरी हाल स्नातक तह वा सो भन्दा माथिको स्तरमा अध्ययनरत वा अध्ययन पूरा गरेका इच्छुक व्यक्तिहरुले पनि आवेदन दिन पाउनेछन् ।

**२. आवेदन फारम लिने मिति :** प्रभु बैङ्क अन्तर्गत काठमाण्डौं उपत्यकाभित्र रहेको कुनै पनि शाखामा ललितपुर नर्सिङ्ग क्याम्पसको नामको खाता नं. १३८००१००७२६८४६०००००६ मा जम्मा हुने गरी रु ५००/- (अक्षरुपि पाँचसय मात्र) तिरेको भौचर पेश गरेपछि मिति २०७६/०४/२२ गते बुधबारदेखि २०७६/०५/०६ गते शुक्रबारसम्म बिहान १०:०० बजेदेखि अपरान्ह ४:०० बजेसम्म (शनिवार बाहेक) पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, स्कूल अफ नर्सिङ्ग तथा मिडवाईफेरी (ललितपुर नर्सिङ्ग क्याम्पस), सानेपाबाट आवेदन फाराम र यस सम्वन्धी सूचना सामग्री प्राप्त गर्न सकिनेछ ।

**३. प्रवेश परीक्षा दस्तुर :** आवेदन दर्ता गराउन आउँदा माथि उल्लेखित बैङ्कको खाता नम्वरमा रु. ३,५००/- (अक्षरुपि तीन हजार पाँच सय मात्र) तिरेको भौचर आवेदन साथ नत्थी गरी बुझाउनु पर्नेछ ।

**द्रष्टब्य : आवेदन फारम शुल्क र प्रवेश परीक्षा दस्तुर बापत बुझाईएको रकम फारम रद्द भए पनि फिर्ता हुने छैन ।**

**४. आवेदन फारम बुझाउने मिति :**
आवेदन फारम दर्ता मिति २०७६ साल श्रावण २२ गते बुधबारदेखि २०७६ भाद्र ६ गते शुक्रबारसम्म र विलम्ब शुल्क वापत दोब्बर प्रवेश परिक्षा दस्तुर तिरी २०७६ भाद्र ०८ गते आइतबारदेखि २०७६ भाद्र १३ गते शुक्रबारसम्म ( शनिवार बाहेक) बिहान १०:०० बजेदेखि अपराह्न ४:०० बजेभित्र पाटन स्वास्थ्य बिज्ञान प्रतिष्ठान, स्कूल अफ नर्सिङ्ग एण्ड मिडवाईफेरी (ललितपुर नर्सिङ्ग क्याम्पस) सानेपा, ललितपुरमा आवेदन फारम बुझाउन सकिनेछ ।

**५. प्रवेश परीक्षा मिति र समय : २०७६ भाद्र २१ गते शनिबार, विहान १०.०० बजे ।**

**६. प्रवेशपत्र वितरण गर्ने मिति, समय र स्थानः २०७६ भाद्र १८ र १९ गते, विहान १० बजेदेखि ४ बजेसम्म ललितपुर नर्सिङ्ग क्याम्पस, सानेपा ।**

**प्रवेशपत्र वितरण गर्दा प्रवेश परीक्षा केन्द्र सम्बन्धी जानकारी गराइनेछ ।**

**७. परीक्षाको किसिम** : प्रवेश परीक्षा बस्तुगत बहुबैकल्पिक लिखित परिक्षा हुनेछ । उक्त परीक्षामा १०+२ को पाठ्यक्रममा आधारित जीव विज्ञान, रसायन शास्त्र, भौतिक शास्त्र तथा गणित र अंग्रेजी विषयहरु समावेश हुनेछन् ।

**८. आवेदन फारामको साथमा सबै समूहका आवेदकले अनिवार्य रूपमा पेश गर्नुपर्ने कागजातहरु :**
८.१ नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित छायाँप्रति ।
८.२ प्रवेशिका परीक्षा (एस.एल.सी./एस.ई.इ) वा सो सरहको लब्धाङ्कपत्र र चारित्रिक प्रमाणपत्रको प्रमाणित छायाँप्रति
८.३ मान्यता प्राप्त शिक्षण संस्थाबाट १०+२ तह वा सो सरह उत्तीर्ण गरेको लब्धाङ्कपत्र र चारित्रिक प्रमाणपत्रको प्रमाणित छायाँप्रति ।
८.४ बिदेशी बोर्ड अन्तर्गत उत्तीर्ण भएका बिद्यार्थीहरुको हकमा समकक्षता प्रमाणपत्र (Equivalence Certificate) माइग्रेसन सर्टिफिकेटको प्रमाणित छायाँप्रति ।
८.५ हालसालै (तीन महिना भित्र) चस्मा नलगाई खिचेको पासपोर्ट साइजको रङ्गीन फोटो - तीन (३) प्रति ।
८.६ रु. ३,५००।- (अक्षरुपि तीन हजार पाँच सय मात्र) तिरेको सक्कल बैंक भौँचर ।

**(सबै छायाँप्रति कागजातहरु नोटरीद्वारा प्रमाणित गरिनुपर्नेछ ।)**

**९. सशुल्क समूहका आरक्षित स्थानमा आवेदन दिन चाहने आवेदकले माथि उल्लेखित पेश गर्नुपर्ने कागजातहरुको अतिरिक्त देहायका कागजातहरु अनिवार्य पेश गर्नु पर्नेछ :**

**आरक्षित स्थानमा आवेदन गर्नको लागि :** कुल भर्ना सीट संख्याको १०% सिट आरक्षण गरिएको छ । सामुदायिक विद्यालयबाट ८, ९, १० कक्षा अध्ययन गरी माध्यामिक शिक्षा (SLC/SEE) परीक्षा उत्तीर्ण गरेका गाउँपालिकामा स्थायी बसोबास गर्ने महिला, दलित, आदिवासी/जनजाति, मधेसी तथा पिछडिएको क्षेत्रका आवेदकहरुले आरक्षित सिटका लागि आवेदन दिन सक्नेछन् । आरक्षित स्थानमा छनौट हुने आवेदकले अनिवार्य रुपमा प्रतिष्ठानले तोके बमोजिम प्रवेश परीक्षामा न्यूनतम मापदण्ड पूरा गरेको हुनुपर्दछ ।

आरक्षित समूहमा छुट्टयाईएको सीट संख्यामा सबै उप-समूहलाई समान हिसावले वितरण गरिनेछ । यसरी आरक्षित समूहमा छुट्टयाईएको सीट संख्या समान वितरण गर्दा न्यूनतम सीट संख्या अपुग भएमा वा बराबरी वितरण गरेर बाँकी रहेको सीट संख्याको लागि सबै उप-समूहलाई एउटै समूह मानी आवेदकहरुमध्येबाट उनीहरुले प्रबेश परीक्षामा पाएको कुल अङ्कभारका आधारमा वरियताक्रममा छनौट गरिनेछ । यदि कुनै पनि उम्मेदवार आरक्षित कोटामा उत्तीर्ण हुन नसकेको खण्डमा सो स्थानमा योग्यताक्रमानुसार खुल्ला समूहको उम्मेदवारलाई भर्ना गरिनेछ ।

**आरक्षित समूहमा आवेदन गर्न चाहनेले निम्नानुसार प्रमाणित छायाँप्रतिहरु अनिवार्य रूपमा पेश गर्नुपर्नेछ :**

९.१ आवेदक ग्रामीण क्षेत्र (गाउँपालिका) मा हालसम्म स्थायी बसोबास गरेको हो भन्ने व्यहोरा प्रष्ट खुल्ने गरी सम्बन्धित गाउँपालिकाबाट जारी कागजातको प्रमाणित छायाँप्रति । आवेदक अन्य गाउँपालिका वा जिल्लामा बसाइँ सरी ग्रामीण क्षेत्रमै स्थायी बसोबास गरिराखेको भए पूर्व गाउँपालिकाबाट बसाइँ सरेको व्यहोरा खुल्ने गरी हाल स्थायी बसोबास गरेको गाउँपालिकाबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले **६ महिना भित्र जारी गरिएको** स्थायी बसोबासको प्रमाणित छायाँप्रति पेश गर्नुपर्नेछ । साथै आवेदकको नागरिकतामा उल्लेखित स्थायी ठेगाना निज ग्रामीण क्षेत्रमा स्थायी बसोबास गरेको प्रमाणसंग मिल्ने हुनुपर्नेछ ।

९.२ आवेदकले ८, ९ र १० कक्षा उत्तीर्ण गरेको र प्रवेशिका परीक्षा/माध्यमिक शिक्षा परीक्षा दिएको विद्यालय सामुदायिक विद्यालय हो भन्ने प्रमाण प्रष्ट खुल्ने गरी सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय इकाईबाट जारी कागजातको प्रमाणित छायाँप्रति । एक भन्दा बढी सामुदायिक विद्यालयमा अध्ययन गरेको भए सो समेत खुल्ने प्रमाण सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय इकाईबाट जारी कागजातको प्रमाणित छायाँप्रति ।

९.३ सामुदायिक विद्यालयबाट ८, ९ र १० कक्षा उत्तीर्ण गरेको लब्धाङ्कपत्रको प्रमाणित छायाँप्रति ।

९.४ आवेदक **दलित भएमा** राष्ट्रिय दलित आयोग वा सम्वन्धित जिल्ला प्रशासन कार्यालयबाट जारी कागजातको प्रमाणित छायाँप्रति ।

९.५ आवेदक **आदिवासी/जनजाति भएमा** आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट जारी कागजातको प्रमाणित छायाँप्रति ।

९.६ आवेदक **मधेसी भएमा** नेपाल मधेसी आयोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट जारी कागजातको प्रमाणित छायाँप्रति ।

९.७ आवेदक **पिछडिएको क्षेत्रमा स्थायी बसोबास गरेको भए** सम्बन्धित गाउँपालिका वा जिल्लाको जिल्ला प्रशासन कार्यालयबाट जारी कागजातको प्रमाणित छायाँप्रति ।

**१०. छात्रवृत्तिमा आवेदन दिनको लागि** : छात्रवृत्ति अन्तर्गत कुल सीट संख्याको पन्ध्र प्रतिशत (१५%) बिद्यार्थीहरु छनौट हुनेछन् । छात्रवृत्तिको आवेदनका लागि आवेदन दिने आवेदकहरुले निम्नानुसारका प्रमाणहरु अनिवार्य रुपमा पेश गर्नुपर्नेछ-

१०.१ आवेदकले ८, ९ र १० कक्षा उत्तीर्ण गरेको र प्रवेशिका परीक्षा/माध्यमिक शिक्षा परीक्षा दिएको विद्यालय सामुदायिक विद्यालय हो भन्ने प्रमाण प्रष्ट खुल्ने गरी सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय इकाईबाट जारी कागजातको प्रमाणित छायाँप्रति । एक भन्दा बढी सामुदायिक विद्यालयमा अध्ययन गरेको भए सो समेत खुल्ने प्रमाण सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय इकाईबाट जारी कागजातको प्रमाणित छायाँप्रति ।

१०.२ सामुदायिक विद्यालयबाट ८, ९ र १० कक्षा उत्तीर्ण गरेको लब्धाङ्कपत्रको प्रमाणित छायाँप्रति ।

१०.३ आवेदक **विपन्न** हो भनी सम्बन्धित वडा कार्यालयबाट जारी कागजातको प्रमाणित छायाँप्रति । विपन्नता सम्बन्धी सिफारिस सूचना प्रथम पटक प्रकाशित भएको मितिले **६ महिना भित्र जारी गरिएको** हुनुपर्नेछ र **उक्त सिफासिरपत्रमा विपन्नता शब्द अनिवार्य उल्लेख गरिएको हुनुपर्नेछ ।**

छात्रवृत्ति अन्तर्गत प्रतिष्ठान ऐनमा व्यवस्था भए अनुसार पन्ध्र प्रतिशत (१५%) लाई शत प्रतिशत मानी सो को पैतालिस प्रतिशत (४५%) स्थानमा महिला, दलित, आदिवासी/जनजाति, मधेसी तथा पिछडिएका क्षेत्रका आवेदकहरुमध्येबाट छनौट गरिनेछ । छात्रवृत्ति अन्तर्गत आरक्षण समूहमा आवेदन दिने आवेदकले माथि उल्लेखित प्रमाणहरुमा बुँदा नं. ८ का अतिरिक्त निम्नानुसारका प्रमाणहरु अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

क) आवेदक **दलित** भएमा राष्ट्रिय दलित आयोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट जारी कागजातको प्रमाणित छायाँप्रति ।

ख) आवेदक **आदिवासी/जनजाति** भएमा आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट जारी कागजातको प्रमाणित छायाँप्रति ।

ग) आवेदक **मधेसी** भएमा नेपाल मधेसी आयोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट जारी कागजातको प्रमाणित छायाँप्रति ।

घ) आवेदक **पिछडिएको क्षेत्रमा** स्थायी बसोबास गरेको भए सम्बन्धित गाउँपालिका/नगरपालिका वा जिल्लाको जिल्ला प्रशासन कार्यालयबाट जारी कागजातको प्रमाणित छायाँप्रति ।

**११. शिक्षक तथा कर्मचारीका छोरी वा छोराका लागि छात्रवृत्ति सम्वन्धी व्यवस्थाः** स्नातक तह (B.Sc.) नर्सिङ्ग भर्नामा प्रतिष्ठानका शिक्षक तथा कर्मचारीहरुका छोरी वा छोराको लागि एक (१) स्थान सुरक्षित गरिएको छ । स्थायी पदमा न्यूनतम तीन (३) बर्ष अविच्छिन्न काम गरेका शिक्षक तथा कर्मचारीका छोरी वा छोराले यो सुविधा प्राप्त गर्न सक्नेछन् । आवेदकले आफ्नो आमा वा बुबा प्रतिष्ठानमा स्थायी भई न्यूनतम तीन (३) वर्षदेखि अविछिन्न रुपमा कार्यरत रहेको व्यहोरा खुलेको पत्र अनिवार्य पेश गरेको हुनु पर्नेछ । यो सुविधा कुनै शिक्षक तथा कर्मचारीले दोहोऱ्याएर भने लिन पाउने छैन । छनौटको आधार प्रतिष्ठानको निर्देशिकामा व्यवस्था भए बमोजिम हुनेछ ।

**१२. अन्य जानकारी :**

१२.१ म्याद नाघी आएको वा रीत नपुगेको वा आवेदनसाथ संलग्न गर्नुपर्ने कागजात पूरा नभएको आवेदन दर्ता गरिने छैन । दर्ता पश्चात् संकलित फाराम रुजु गर्दा रीत नपुगेको पाईएमा प्रतिष्ठानले त्यस्ता फारम रद्द गर्नेछ ।

१२.२ यदि कुनै विद्यार्थीले नक्कली कागजात वा झुट्ठो विवरण पेश गरेको प्रमाणित भएमा सो विद्यार्थीलाई प्रतिष्ठानले कुनै पनि समय शैक्षिक कार्यक्रमबाट निष्कासन गरी प्रचलित कानून बमोजिम कारवाहीका लागि पठाउनेछ ।

१२.३ छात्रवृत्ति अन्तर्गत अध्ययन गर्ने सम्पूर्ण विद्यार्थीहरुले नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय तथा पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४ को व्यवस्था अनुसार नेपाल सरकार वा यस प्रतिष्ठानले तोकेको स्वास्थ्य संस्थामा गई कवुलियतनामामा उल्लेख भएको अवधिभर काम गरिसकेपछि मात्र यस प्रतिष्ठानबाट स्थायी प्रमाण-पत्र पाउने छन् ।

**द्रष्टव्यः**

क) आवेदन फाराम बुझाउँदा उल्लेखित सम्पूर्ण कागजातहरुको सक्कल प्रति अनिवार्य रूपले साथमा ल्याउनु पर्नेछ ।

ख) पिछडिएको क्षेत्र भन्नाले ९ जिल्ला क्रमशः हुम्ला, जुम्ला, मुगु, डोल्पा, कालिकोट, अछाम, बझाङ, बाजुरा र जाजरकोटलाई जनाउँदछ (संविधान सभा सदस्य निर्वाचन ऐन, २०६४ तथा संविधान सभा सदस्य निर्वाचन नियमावली, २०६४ को दफा ७ उपदफा (३) संग सम्बन्धित अनुसूची-१) ।

ग) सामुदायिक विद्यालय भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ । शिक्षा ऐन, २०२८ दफा २ (घ २) ।

**थप जानकारीको लागि :**
**पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान**
**स्कूल अफ नर्सिङ्ग तथा मिडवाइफेरी (ललितपुर नर्सिङ्ग क्याम्पस), सानेपा, ललितपुर**
**फोन नं. : ०१-५५२६४९०, ५५२१६३४**
**Website : www.pahs.edu.np**